**स्तनपानः बालबालिकालाई वरदान**
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 21 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२१

## गत वर्षको तुलनामा छ करोड र लक्ष्यभन्दा दुई करोड बढी राजस्व सङ्कलन

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरपालिकाको आन्तरिक राजस्व अघिल्लो आव (२०७८/७९) को तुलनामा गत आव (२०७९/८०) मा छ करोडले बढेको थियो भने लक्ष्यभन्दा दुई करोड बढी राजस्व सङ्कलन भएको राजस्व महाशाखा प्रमुख मनोज कर्णले बताए ।

अघिल्लो आवमा आन्तरिक राजस्व ५१ करोड २२ लाख २४ हजार ४९० सङ्कलन भएको थियो भने गत आवमा ५७ करोड एक लाख ७३ हजार २०१ सङ्कलन भएको थियो । गत आवमा महानगरपालिकाले आन्तरिक राजस्व सङ्कलनको लक्ष्य ५५ करोड राखेको थियो। जसमा लक्ष्यभन्दा दुई करोड र अघिल्लो आवको तुलनामा छ करोड बढी राजस्व सङ्कलन भएको प्रमुख कर्णले बताए ।

अघिल्लो आवमा घरजग्गा रजिस्ट्रेशन दस्तुरबाट मात्रै महानगरले भूमिसुधार तथा मालपोत कार्यालय, पर्साबाट ४६ करोड २३ लाख ५९ हजार ४९ प्राप्त गरेको थियो, जसले गर्दा अघिल्लो आवको कुल राजस्व सङ्कलन ९७ करोड ४५ लाख ९३ हजार ५४० पुगेको थियो। घरजग्गा रजिस्ट्रेशन दस्तुर




तस्वीरः फाइल

शीर्षकमा गत आवमा रकम आएको छैन तर भूमिसुधार तथा मालपोत कार्यालय, पर्साबाट घरजग्गा रजिस्ट्रेशन दस्तुरबापत आउने रकम अब सीधैं महानगरको लेखा शाखामा बाँडफाँड शीर्षकमा दाखिला हुने गरेको छ । यो शीर्षकमा गत आवमा करीब साढे ११ करोड रकम आएको थियो ।

गत आवमा भूउपयोग नीति अन्तर्गत कित्ताकाट लामो समयसम्म रोकिएको कारण जग्गा खरीद–बिक्री कार्य प्रभावित भएर मालपोतबाट अपेक्षाभन्दा निकै कम रकम आएको हो।

महानगरले गत आवमा अघिल्लो आवको तुलनामा सम्पत्ति करमा सवा चार करोड बढी राजस्व सङ्कलन गरेको थियो। अघिल्लो आवमा १७ करोड आठ लाख ३९ हजार ७५६ राजस्व सङ्कलन गरेको महानगरले गत आवमा सम्पत्ति करबाट २२ करोड ७६ लाख ७८ हजार ६७२ राजस्व सङ्कलन गरेको थियो । यसैगरी, घरबहाल करबापत ११ करोड ५४ लाख ४३ हजार १५९ सङ्कलन गरेको थियो । अघिल्लो आवमा यो शीर्षकमा १० करोड ६८ लाख ७६ हजार ८१९ सङ्कलन भएको थियो ।

पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर भने अघिल्लो आवको तुलनामा गत आवमा रु तीन करोडले घटेको थियो । अघिल्लो आवमा चार करोड १० लाख २५ हजार ७०५ सङ्कलन भएको थियो भने गत आव एक करोड तीन लाख ६३ हजार ८१५ मात्र सङ्कलन भएको थियो । बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर भने बढेको छ । अघिल्लो आवमा ६८ लाख ८७ हजार ३९४ सङ्कलन भएको थियो भने गत आवमा ७३ लाख ३२ हजार ५५४ सङ्कलन भएको थियो ।

व्यवसाय रजिस्ट्रेशन कर पनि अघिल्लो आवको तुलनामा बढेको थियो। अघिल्लो आवमा एक करोड ८४ लाख ५७० सङ्कलन भएको थियो भने गत आवमा दुई करोड ७५ लाख १२ हजार ८५० सङ्कलन भएको थियो । अन्य सेवा शुल्क अघिल्लो आवमा दुई करोड ६९ लाख सात हजार ३०६ सङ्कलन भएको थियो भने गत आवमा दुई करोड ६१ लाख ९४ हजार २८५ सङ्कलन भएको थियो। परीक्षा शुल्क अघिल्लो आवको तुलनामा ११ लाख बढी सङ्कलन भएको थियो । अघिल्लो आवमा चार लाख १७ हजार ३८० सङ्कलन भएको थियो भने गत आवमा १५ लाख २२ हजार ३४० सङ्कलन भएको थियो ।

नक्शापास दस्तुर अघिल्लो आवको तुलनामा सवा करोडले घटेको थियो । अघिल्लो आवमा पाँच करोड १८ लाख ७८ हजार ३५९ सङ्कलन भएको थियो भने गत आवमा तीन करोड ८४ लाख ११ हजार १६१ सङ्कलन भएको राजस्व महाशाखा प्रमुख कर्णले बताए । उनले अघिल्लो आवको तुलनामा गत आवमा भूउपयोग नीति लागू भएको कारण जग्गाहरूको कित्ताकाट नभएको र घर निर्माण कार्य पनि कम भएकोले नक्शापास दस्तुर घटेको बताए । सिफारिश दस्तुर अघिल्लो आवको तुलनामा दुई लाखले घटेको थियो। सो आवमा एक करोड ९० लाख पाँच हजार १२१ सङ्कलन भएको थियो भने गत आवमा एक करोड ८८ लाख ३३ हजार ७०९ सङ्कलन भएको छ। नाता प्रमाणित दस्तुर भने अघिल्लो आवको तुलनामा गत

(बाँकी पाँचौं पातामा)

## क्लासिक भत्कियो, कर्पोरेट बैंक भत्काउने तयारी

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरपालिकाले मुख्य नालामा बनेको क्लासिक होटल भत्काउने कार्यलाई बिहीवार पनि निरन्तरता दिएको छ ।

गत मङ्गलवार साँझ सो संरचना भत्काउन महानगरले डोजरको प्रयोग शुरू गरेको थियो । क्लासिक होटल सञ्चालकमध्येका सफाकत अलीले पशुपति आदर्शनगर निर्माण समितिबाट पिताले नालामाथिको क्षेत्र खरीद गरेको र नगरपञ्चायतले नक्शापास गरेपछि घर निर्माण गरेको तर अहिले महानगरले विनासूचना डोजर लगाएर तोडफोड गरेको आरोप लगाए ।

उनले महानगरले पहिलोपटक सूचना जारी गरी कागजात माग गर्दा सम्पूर्ण कागजात बुझाएको तर मङ्गलवार एक्कासि वैध संरचनामाथि दुई घण्टे सूचना जारी गरेर अवैध तरीकाबाट संरचना भत्काउने काम गरेको आरोप लगाए । महानगरपालिकाले बुधवार दिउँसो सूचना जारी गर्दै क्लासिक होटल र कर्पोरेट बैंकलाई साढे पाँच बजेसम्म संरचनामा रहेका सामानहरू हटाउन समयसीमा दिएको थियो ।

कर्पोरेट बैंकले बैंकिङ कारोबारको विषयमा थप समय माग गर्दा भोलि शुक्रवारसम्मका लागि महानगरले समय दिएको थियो तर क्लासिक होटलमा भने बेलुकी साढे सात बजेदेखि डोजर लगाएर संरचना भत्काउने कार्य गरेको थियो ।



क्लासिक होटलको भग्नावशेष

पाँचवटा एक्साभेटर, डोजर प्रयोग गरेर साढे सात बजेदेखि अबेर रातिसम्म संरचना भत्काउने कार्य गरेको थियो । सो कार्यलाई बिहीवार पनि निरन्तरता दिंदै संरचना भत्काउने र त्यहाँका भग्नावशेषलाई ओसार्ने काम गरेको छ।



कर्पोरेट बैंक खाली गराउँदै । तस्वीरः नितेश कर्ण

बिहीवार दिनभरि कर्पोरेट बैंकले भने भवन खाली गर्न शुरू गरेको छ । शुक्रवारसम्मको समयसीमा पाएको बैंकले आज सम्पूर्ण सामान हटाएको छ ।

महानगरले कर्पोरेट बैंक रहेको भवन पनि नालामाथि भएको भनेर तोड्ने आदेश जारी गरेको छ । कर्पोरेट बैंक रहेको जग्गाधनी स्व शिवप्रसाद साहका सन्तानहरूले भने बुबाले बोलकबोलबाट २०२६ सालमा नालामाथिको क्षेत्र खरीद गरेको, २०३१ सालमा रजिस्ट्रेशन गरेको र नगरपालिकाबाटै घरनक्शा पास गरेर ५० वर्षदेखि भोग गर्दै आएकोमा अहिले आफैंले बिक्री गरेको, नक्शापास गरेको क्षेत्रलाई मुख्य नालामाथि भएको भनेर गैरकानूनी तरीकाले तोडफोड गर्ने चेतावनी दिएको आरोप लगाए ।

महानगरपालिकाले भने नालामाथि बनेका संरचना सबै भत्काउने र त्यसमा कसैसँग सम्झौता नहुने बताउँदै आएको छ । जिल्ला हुलाक कार्यालयअगाडिदेखि शुरू भएको १० फिटे नाला गीता मन्दिरसम्म १० फिटमैं केन्द्रित छ भने त्यसपछि वीरगंज जेसीजदेखि हरि खेतान क्याम्पससम्म तत्कालीन पशुपतिनगर निर्माण समितिको नक्शा अनुसार ४० फिटको नाला कायम रहेको छ । हरि खेतानपछि चिल्ड्रेन पार्क हुँदै श्रीसिया नदीसम्म मुख्य नाला १० फिटकै छ । महानगरले अहिलेसम्म वीरगंज जेसीजबाट ४० फिट नाला सफाइ अभियान शुरू गरेको र पहिलो चरणमा राष्ट्रिय वाणिज्य बैंक, होटल रेसिडेन्सी र केडिया परिवार तथा हरि खेतान क्याम्पसद्वारा अतिक्रमित नालामाथिको संरचना भत्काएको थियो ।

## गर्मीका कारण विद्यार्थीहरू बेहोश हुने क्रम बढ्दै

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरका सामुदायिक विद्यालयहरूमा गर्मीका कारण विद्यार्थीहरू बेहोश हुने घटना बढेको छ। हिजोमात्र वीरगंज–१६ नगवास्थित नेरामाविमा अध्ययनरत पाँचजना छात्रा र एकजना छात्र बेहोश भएका थिए भने आज पुनः सोही विद्यालयमा चारजना विद्यार्थी बेहोश भएको विद्यालयका निमित्त प्रअ नन्दकिशोर रामले बताए ।




तस्वीरः प्रतीक

उनले बिहीवार विद्यालय सञ्चालन हुनासाथ एकजना विद्यार्थी बेहोश भएको र उनलाई शिक्षकले उपचारको लागि अस्पताल लग्नुपरेको बताए । लगत्तै तीनजना विद्यार्थी बेहोश भएको र उनीहरूको प्राथमिक उपचार गरी अभिभावकको जिम्मा लगाएको तथा विद्यालय बन्द गरिएको बताए। निमित्त प्रअ रामले विद्यालय कोठामा क्षमताभन्दा बढी विद्यार्थी भएको र गर्मीयाममा पटक–पटक विद्युत् अवरोध हुँदा पानीसमेतको समस्या हुने गरेको र गर्मी बढेर विद्यार्थीहरू बेहोश हुने गरेको बताए।

उनले एउटा बेन्चमा पाँचदेखि छजना विद्यार्थी राखेर पढाउनुपर्ने अवस्था रहेको र अहिले महानगरले फर्निचर उपलब्ध गराए पनि सो पर्याप्त नभएको बताए ।

वीरगंज महानगरका शिक्षा महाशाखाका अधिकृत हरिराउत कुर्मीले महानगरका केही विद्यालयमा गर्मीका कारण विद्यार्थी बेहोश हुने घटना भइरहेको बताए । उनले बगही, नगवा र माईस्थान विद्यापीठमा अत्यधिक गर्मीका कारण विद्यार्थी बेहोश भएका घटना भएको र यसबारेमा छलफल गरी जानकारी गराइने बताए ।

## सिम्रौनगढका वडा कार्यालयहरू सञ्चालनमा

रामेश्वर मेहता, सिम्रौनगढ, ४ साउन/

सिम्रौनगढ नगरपालिकाको सम्पूर्ण रहेका वडा कार्यालयहरूको कामकाज बिहीवारदेखि सञ्चालनमा आएको हो।




तस्वीरः प्रतीक

वडा कार्यालय सञ्चालनमा आएका छन्। विभिन्न माग राख्दै कर्मचारीहरूको आन्दोलनका कारण चार दिनदेखि बन्द

बुधवार अबेर रातिसम्म नगरपालिकाको सभाहलमा बसेको बैठकले

(बाँकी अन्तिम पातामा)

## पटेर्वासुगौली गापाका विद्यालयमा शिक्षक अभाव




पटेर्वासुगौली गापा–३ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय महेन्द्रपुर । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ साउन/

पटेर्वासुगौली गाउँपालिकाका अधिकांश सामुदायिक विद्यालयमा शिक्षक अभाव भएर पठनपाठन प्रभावित भएको छ।गापाले गत आवमा २९ जना स्वयंसेवक शिक्षकलाई बर्खास्त गरेको थियो । जसको असर अहिले शैक्षिक क्रियाकलापमा परेको छ।

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**जीवनको रहस्य आफू बाँच्नु र अरूलाई बाँच्न सिकाउनु हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## पशुपालनमा जोखिम

**पशुपालनलाई आधुनिकीकरण गर्दै व्यावसायिक तरीका अँगाल्न सकिएको छैन । दिनरात पशुपालनकै लागि खट्ने किसानको सङ्ख्या मुलुकमा धेरै छ तर उनीहरूको पेशा जोखिममुक्त छैन । परम्परागत तरीकालाई आधुनिकीकरण गर्दै व्यावसायिक बनाउन सरकारले चासो दिएको पाइँदैन । पहिले पुर्ख्यौली पेशाको रूपमा पशुपालन गर्दै आएका किसानहरू र हाल आफैंले लगानी गरेर पशुपालनमा अहोरात्र परिश्रम गरिरहेका किसानको पहिचान गर्नुपर्छ। यसरी पहिचान गरिएका हरूलाई सचेतनासँगै व्यावसायिक तालीम दिनुपर्छ । प्रशिक्षित गरिएका किसानलाई परामर्श एवं प्राविधिक सहयोगका लागि केही वर्ष दक्ष जनशक्ति उपलब्ध गराइनु उपयुक्त हुन्छ। केही वर्षपछि त अगुवा किसानहरू नै दक्ष बन्नेछन् । जसले नयाँ किसानहरूको लागि समेत सहयोग पुग्नेछ । घाटा, नाफा, जोखिम जे भए पनि कुनै पेशा अँगालेकाहरूलाई सानो व्यावसायिक सहयोगले पनि ठूलो सफलताको मार्ग प्रशस्त गर्छ ।**

**चराउन जङ्गल पुऱ्याइएको खसी, बाख्रालाई बाघले सोत्तर बनाएको छ । जीतपुरसिमरा उपनपाका एक किसानको १० वटा खसी बाख्रा बाघले एकै दिन नाश गरिदियो । पीडित किसानको गोठ रित्तियो मात्रै होइन, उसले कैयन दिन गरेको परिश्रमसमेत खेर गयो । किसान, जसले पशुपालनलाई पेशा बनाएको हुन्छ र त्यसैबाटै परिवारको अत्यावश्यक खर्च धानिरहेको हुन्छ, उसका पशुधन क्षति हुनु ठूलो दुर्घटना हो । यस किसिमको दुर्घटना कुनै न कुनै किसानले दिनहुँ भोगिरहेको छ । चरिचरनका लागि जङ्गल लैजाँदाको कुरा छाडौं, जङ्गल आसपास क्षेत्रका बस्तीहरूमा जङ्गली जनावरले घरैमा आएर पशु चौपाया तथा खसी बोका मार्ने गरेका छन् । पशुपालनमा परम्परागत शैलीले गर्दा यो नोक्सानी भोग्नुपरेको हो। दिनभरि जङ्गलमा चौपाया छोड्ने र राति असुरक्षित खोर/ गोठमा बाँध्ने पुरानै तरीका हो ।**

**हिमाल, पहाड, तराई (मधेस) जता पनि वन जङ्गल छ । मुलुकको कुल क्षेत्रफलमा ४४ प्रतिशतभन्दा बढी वन जङ्गल क्षेत्र छ । त्यसमा संरक्षित क्षेत्र, सामुदायिक वन, निजी वनलगायत छन् । निकुञ्ज संरक्षित क्षेत्रमा घरपालुवा जनावरको प्रवेश निषिद्ध भए पनि निकुञ्ज वा आरक्षको मध्यवर्ती वन क्षेत्रदेखि निजी वन क्षेत्रलाईसमेत चौपायाको चरनको रूपमा प्रयोग गर्न सकिन्छ । त्यस्ता क्षेत्रमा प्लटिङ गर्ने, साना बिरुवा हुर्किसकेका चरिचरनयोग्य क्षेत्र पहिचान गर्ने र अनुमति दिने गरौं । पशुपालक कृषकहरूले पनि सामूहिक रूपमा पशु चौपाया चरन क्षेत्रमा लैजाँदा सो क्षेत्रमा जङ्गली जनावर रहे नरहेको यकीन हुन्छ । त्यसबाट घरपालुवा जनावरलाई बचाउने, क्षति धेरै हुन नदिने उपाय गर्न सकिन्छ। अर्कोतर्फ चरन क्षेत्रमा घाँसखेती गरे चौपाया घरमै पाल्न सहज छ । दिनभरि गोठालो लाग्ने जनशक्तिले त्यही घाँस गोठमा ल्याउन सक्छ। पशु चौपाया गोठमैं पाल्ने हो। उनीहरूको शारीरिक तन्दुरुस्तीका लागि दिनमा १/२ घण्टा चरनमा घुमाए पुग्छ । जङ्गली जनावर प्रवेश गर्न नसक्ने सुरक्षित खोर/गोठ हुनुपर्छ । यति भएपछि केवल पशुबीमा गरिदिए किसानलाई पुग्छ । यसमा सरकारको ठूलो लगानी पर्दैन । मासु तथा मासुजन्य पदार्थको बजार आफ्नै मुलुकमा प्रशस्त छ । हाम्रो मुलुकमा प्रतिव्यक्ति सरदर १८ किलोभन्दा बढी मासुको खपत छ। तर मुलुकमा मासु उत्पादन भइरहेको भए तापनि आमदानीभन्दा बढी जोखिम हुने हुँदा पशुपालक किसान पेशाबाट विस्थापित हुन बाध्य छ ।**

# भारतमा फेरि मोदीकै सम्भावना

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**भारतमा मोदीको जुन लोकप्रियता छ, त्यसलाई दृष्टिगत गर्दा उनी तेस्रोपटक पनि भारतको प्रधानमन्त्री बन्ने सम्भावना देखिन्छ । भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले मात्रै अहिलेसम्म लगातार तीन कार्यकाल निर्वाचन जितेर सत्ता सम्हाल्ने मौका पाएका थिए ।**

दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो दोस्रो कार्यकाल पनि सफलतापूर्वक पूरा गर्दैछन्। आउँदो वर्ष भारतमा संसदीय निर्वाचन हुँदैछ, भारतका जनताले मोदीलाई तीनपटक लगातार सत्तामा जान दिने कि नदिने ? भन्ने विषयमा निर्णय गर्नेछन् तर अहिले पनि भारतमा मोदीको जुन लोकप्रियता छ, त्यसलाई दृष्टिगत गर्दा उनी तेस्रोपटक पनि भारतको प्रधानमन्त्री बन्ने सम्भावना देखिन्छ । भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूले मात्रै अहिलेसम्म लगातार तीन कार्यकाल निर्वाचन जितेर सत्ता सम्हाल्ने मौका पाएका थिए ।

नेहरूपछि मोदी नै भरसक यस्ता दोस्रो भारतीय प्रधानमन्त्री बन्ने सम्भावना देखिन्छ। १४० करोड जनसङ्ख्या भएको एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं विविधताले भरिएको देशमा लगातार १० वर्षसम्म एकै किसिमको लोकप्रियता र जनसमर्थन प्राप्त गरिरहनुलाई सामान्य उपलब्धि मान्न सकिंदैन । विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भएको देशका जनताले लगातार तेस्रोपटक आफ्नो प्रधानमन्त्री अथवा शासकमाथि विश्वास कायमै राख्नु अवश्य पनि प्रधानमन्त्री मोदीको विशिष्ट किसिमको नेतृत्व क्षमता, राजनीतिक दूरदर्शिता र जनतासितको घनिष्ठ सम्बन्धलाई दर्शाउँछ। देशभित्र मात्रै होइन देशबाहिर पनि उनको स्वीकार्यता र लोकप्रियतामा कमी आएको छैन । भारतका विपक्षी राजनीतिक दलका नेताहरूसमेतले पनि मोदीको कार्यको प्रशंसा गर्नु सामान्य कुरा होइन। आउँदो चुनावमा मोदीको चुनावी सफलताको सम्भावनालाई कमजोर बनाउन र उनलाई सरकारको नेतृत्वबाट हटाउन त्यहाँका २६ वटा विपक्षी राजनीतिक दलहरूले पनि एउटा गठबन्धन बनाइ अहिलेदेखि नै परिश्रम गर्न थालेका छन् तर भारतका जनता भने मोदीको विकल्पबारेमा विचार गर्न तयार छैन।

मोदी सरकारको पालामा भएका उल्लेखनीय उपलब्धिहरूको प्रशंसा त त्यहाँका विपक्षी भारतीय राष्ट्रिय काङ्ग्रेसका वरिष्ठ नेता शशी थरुर र गुलाम नबी आजादले पनि गर्छन्। खासगरी नयाँ विमानस्थल, बन्दरगाह, राजमार्गको निर्माण जस्ता अत्यावश्यक भौतिक पूर्वाधारको निर्माणमा निजी क्षेत्रका ठेकेदारको संलग्नतालाई सहज हुनेगरी निर्णय प्रक्रिया द्रुत गतिमा परिवर्तन गर्ने काम भयो । संसारकै सबैभन्दा ठूलो रेलवेमा ठूलो नयाँ लगानीलगायत भौतिक पूर्वाधार क्षेत्रको विकासमा सरकारले लाखौं गरीब भारतीयको सामाजिक सुरक्षा अवस्था सुदृढ पनि बनाएको छ । पाँच वर्षअघि भएको निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भारतीय जनता पार्टीले ५४३ लोकसभाका सिटमध्ये ३०३ सिटमा जितेको थियो। त्यसपछि भारतीय राष्ट्रिय काङ्ग्रेसले ५३ सिट जितेको थियो। राहुल गाँधीको यस पार्टीले थप तीन सिट ल्याएको भए सदनमा प्रमुख प्रतिपक्षी दलको स्थान प्राप्त गर्न सक्थ्यो। त्यसपछि क्रमशः एमके स्टालिनको डिएमकेले २४, ममता बनर्जीको टिएमसी पार्टीले २३ र वाइएसआर काङ्ग्रेसले २२ सिट जितेको थियो । महाराष्ट्रका मुख्यमन्त्री एकनाथ सिन्देको पार्टी शिवसेनाले २२ र बिहारका मुख्यमन्त्री नीतीश कुमारको पार्टीले १६, उडिसाका मुख्यमन्त्री नवीन पटनायकको पार्टीले १२ र मायावतीको बहुजन समाजवादी पार्टीले १० सिट जितेका थिए। उत्तर प्रदेशकेन्द्रित अखिलेश यादवको समाजवादी पार्टीले तीन, टिआरएसले नौ र लोकजनशक्ति पार्टीले छ सिट जितेका थिए । कम्युनिस्टहरूले आधा दर्जन जति सिट जित्न सकेको थियो ।

भारतको मध्यप्रदेश, गुजरात, राजस्थान, छत्तीसगढ, आसाम, हिमाचल प्रदेश, हरियाणा, उत्तराखण्ड, कर्नाटक, गोवा, नयाँ दिल्लीलगायतका प्रदेशहरूको १५० जति सिटमा देशका दुई प्रमुख राजनीतिक दल सत्ताधारी भारतीय जनता पार्टी र भारतीय राष्ट्रिय काङ्ग्रेसबीच सोझो प्रतिस्पर्धा हुनेछ । उपरोक्त प्रदेशका जनता प्रादेशिकस्तरका लागि मतदान गर्दा फरक मापदण्ड राख्ने गर्छन् र केन्द्र सरकारका लागि मतदान गर्दा फरक तरीकाले मतदान गर्छन् । पाँच वर्षअघि भएको निर्वाचनताका कर्नाटक, मध्य प्रदेश, राजस्थान, छत्तीसगढ, उत्तराखण्ड आदि प्रदेशहरूमा काङ्ग्रेसको सरकार थियो तर उपरोक्त प्रदेशहरूका एक सय जति सिटमध्ये भारतीय जनता पार्टीले ९० प्रतिशतभन्दा बढी सिट जितेको थियो। अहिले पनि तात्त्विक भिन्नता आएको देखिंदैन । भारतीय जनता पार्टी र भारतीय राष्ट्रिय काङ्ग्रेसबीच हुने सोझो प्रतिस्पर्धामा भारतीय जनता पार्टीले राम्रो प्रदर्शन गर्छ।

दक्षिण भारतमा तमिलनाडू, केरल, आन्ध्र प्रदेश र तेलङ्गानामा भारतीय जनता पार्टीको स्थिति त्यति राम्रो रहेको इतिहास छैन । तमिलनाडूमा भारतीय जनता पार्टीले एकजना अवकाशप्राप्त प्रहरी अधिकारी के अन्नामलाइलाई आफ्नो नेता बनाएपछि पार्टीको स्थितिमा क्रमिकरूपमा सुधार हुँदैछ । यसपालि भाजपा र एआइडिएमके गठबन्धनले राम्रो प्रदर्शन गर्ने सम्भावना छ किनभने विगत चार वर्षदेखि यहाँ डिएमकेका एमके स्टालिन मुख्यमन्त्री रहेका छन्। केरलमा अहिले पनि कम्युनिस्ट पार्टी र काङ्ग्रेसबीच नै सोझो प्रतिस्पर्धाको सम्भावना छ । त्यहाँ भाजपाले पनि परिश्रम गरिरहेको छ। काङ्ग्रेसका केही प्रभावशाली नेताहरू भाजपामा प्रवेश गरेका छन्। बहुचर्चित फिल्म 'द केरला स्टोरी'ले त्यहाँ इसाई र हिन्दूलाई मुसलमानविरुद्ध कति हदसम्म ध्रुवीकृत गर्न सक्नेछ ? त्यसैमा भाजपाको प्रदर्शन निर्भर हुनेछ। आन्ध्र र तेलङ्गानामा पनि भाजपाले राम्रो प्रदर्शन गर्ने सम्भावना छ।

मोदी सरकारले शौचालय निर्माणमा अनुदान, खाना पकाउने ग्याँस सिलिन्डर वितरण, किसानलाई नगद हस्तान्तरण, प्रधानमन्त्री आवास योजना अन्तर्गत दुई करोडलाई घर तथा भारतको ग्रामीण क्षेत्रमा बिजुली र खानेपानीमा पहुँच विस्तारजस्ता कार्यक्रमहरू जनकल्याणका कार्यक्रमहरूमार्फत ग्रामीण क्षेत्रका जनताको जीवनस्तरमा सुधार भएको छ।

मोदी सरकारले प्रविधिको सम्मिश्रणमा पनि प्रगति देखाएको छ। स्मार्टफोनसँग सस्तो डाटाको पहुँचमा भएको विस्तारका कारण करोडौं भारतीय इन्टरनेटसँग जोडिएका छन्। सरकारसमर्थित एप्लिकेशनहरूको बहुचर्चित 'इन्डिया स्टाक'ले निजी कम्पनीहरूलाई अनलाइन यन्त्र सुलभ बनाउन सक्षम बनाएको छ । मूलतः प्राविधिक क्षेत्रमा 'नवप्रवर्तन' संस्कृतिको विकास भएको छ भने एक अर्ब डलरभन्दा बढी मूल्यका थुप्रै 'युनिकर्न' उदाएका छन्। 'पेटिएम'को क्युआर कोडका कारण लेनदेन सरल भएको छ भने कुनै बैंकले अर्को बैकमा विनाझमेला पैसा पठाउने भारतको 'युनिफाइड पेमेन्ट इन्टरफेस' (युपिआई)ले विश्वभरि नै भारतलाई चर्चामा ल्याइरहेको छ । लाभग्राहीको खातामा सोझै पैसा पठाएर चुहावट रोक्ने काम भएको छ ।

मोदीले निरन्तररूपमा विदेश भ्रमण गरेर त्यहाँका नेताहरूसित आत्मीयता र मित्रताको व्यवहार गरेर विदेशमा बस्ने भारतीयहरूको सभालाई सम्बोधन गरी भारतको कूटनीति क्षमतालाई बलियो बनाएका छन्। अमेरिका र युरोपका देशहरूसित भारतको सम्बन्ध अहिलेभन्दा राम्रो कहिल्यै थिएन । खाडीका प्रमुख राष्ट्रहरूसित पनि मोदी सरकारले राम्रो सम्बन्ध बनाएको छ।

कोभिड-१९ को महामारीसित मुकाबिला गर्न मोदी सरकारले निकै प्रभावकारी भूमिका निर्वाह गरेको थियो। कोभिड-१९ महामारी औषधिमार्फत र त्यसपछि खोपमार्फत भारतले विश्वका अनेकौं देशहरूलाई सहयोग पुऱ्याउने काम गऱ्यो । रूस-युक्रेन युद्धमा भारतको भूमिका होस् अथवा संयुक्त राष्ट्र, बिमस्टेक, क्वाड र जी-२० जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत भारतको भूमिका प्रभावकारी रहिआएको छ । 'सबैको विकास सबैको विश्वास र सबैको सहयोग'को मान्यतालाई मोदीले आफ्नो प्रमुख नाराको रूपमा अघि सारेर काम गर्दै आएका छन् । डिजिटल इन्डिया, स्टार्टअप, स्टेन्डअप इन्डिया, आयुष्मान भारत, प्रधानमन्त्री आवास योजना, उज्ज्वला, जलजीवन मिसन, किसान सम्मान निधि, मुद्रा योजना स्वयम् निधि योजना, वन नेशन वन रासन कार्ड, सुगम भारत, शिल्प विकास, स्वच्छता मिसन, श्रम सुधार, पिएलआई जस्ता अनेकौं योजनाले भारतका जनताको जनजीवनमा परिवर्तन ल्याएको छ । सबैभन्दा बढी जनसङ्ख्या भएको उत्तर प्रदेशमा ८० वटा संसदीय सिट रहेका छन् । त्यहाँ अहिले पनि भाजपाको राम्रो अवस्था छ। गत वर्ष समाजवादी पार्टी र बहुजन समाजवादी पार्टीले मोर्चा बनाएर चुनाव लड्दा पनि भाजपाले ६५ सिट जितेको थियो । यसपालि सपा र बसपाको एक्लाएक्लै चुनाव लड्ने सम्भावना छ। यसपालि पनि भाजपाले पुरानो प्रदर्शनलाई दोहोऱ्याउने सम्भावना कायम छ। त्यहाँका मुख्यमन्त्री योगी आदित्यनाथको कार्यशैलीबाट आमजनता प्रभावित छ । त्यहाँ सुशासन कायम भएको छ, अपराधमुक्त राज्य भएको छ र त्यहाँका जनता निर्धक्कसँग घुमफिर गर्न सक्ने अवस्था छ। वैदेशिक लगानी भित्रिएका छन् । धार्मिक नगरी वाराणसी र अयोध्याको मुहार नै फेरिएको छ। भव्य राम मन्दिरको निर्माण भइरहेको छ । राज्यमा कानूनी शासन छ भन्ने कुराको अनुभूति जो कोहीले पनि गर्न सक्छ ।

उत्तर प्रदेशपछि सर्वाधिक जनसङ्ख्या भएको महाराष्ट्रमा रहेका ४८ सिटमध्ये भाजपा र शिवसेना गठबन्धनले आफ्नो पुरानो प्रदर्शन (भाजपा गठबन्धनको पुरानो सङ्ख्या ४०) लाई कायम राख्न धेरै परीश्रम गर्नुपर्नेछ। भाजपाले आफ्नो पुरानो सङ्ख्यालाई कायम राख्न सफल रहनेछ । पश्चिम बङ्गालमा मुख्यमन्त्री ममता बनर्जीको प्रभाव अथवा धाक भने कायमै छ। गत वर्ष भएको निर्वाचनमा ममता बनर्जीको टिएमसीले २३, भाजपाले १७, भारतीय राष्ट्रिय काङग्रेसले दुई सिट जितेको थियो। यसमा खासै परिवर्तन आउने सम्भावना देखिंदैन ।

बिहारको ४० सिटमा रोचक प्रतिस्पर्धा हुने सम्भावना छ । गत वर्ष भारतीय जनता पार्टी र मुख्यमन्त्री नीतीश कुमारको पार्टी जनता दल युनाइटेड मिलेर चुनाव लड्दा भाजपाले १७, जेडियूले १६ तथा यस गठबन्धनका एलजेपीले छ सिट जितेका थिए । लालुप्रसाद यादवको पार्टी राष्ट्रिय जनता दलले एक सिट पनि जितेको थिएन । हाल नीतीश कुमारको पार्टी र लालु यादवको पार्टीबीच मोर्चा बनेको छ । नीतीश कुमार पनि आफूलाई प्रधानमन्त्रीकै उम्मेदवार मानिरहेका छन्। बिहारका भएकाले उनले सहानुभूति पाउने प्रयास अवश्य पनि गर्नेछन् तर उनको लोकप्रियतामा ह्रास आएको छ। बिहारमा कडा प्रतिस्पर्धा हुने सम्भावना छ। भाजपा गठबन्धनले आफ्नो पुरानो प्रदर्शन ३९ दोहोऱ्याउने सम्भावना छैन तर कम्तीमा पनि ६० प्रशितत सिट जित्ने सम्भावना अहिले पनि छ । पूर्वोत्तरमा आसाम र साना प्रदेशहरूमा भाजपाले नै राम्रो प्रदर्शन गर्ने सम्भावना छ। उडिसामा भाजपा र बिजु जनता दलबीच नै प्रतिस्पर्धा हुने गर्दछ तर चुनावपश्चात् दुवै एकै ठाउँमा हुन्छन् । झारखण्डमा पनि यसपालि भाजपाले आफ्नो पुरानो प्रदर्शनलाई दोहोऱ्याउन सक्छ। पञ्जाब, हरियाणा, जम्मु-काश्मीरमा पनि मिश्रित प्रदर्शनकै सम्भावना छ । नरेन्द्र मोदी फेरि पनि चुनाव जित्ने र फेरि प्रधानमन्त्री बन्ने सम्भावना देखिन्छ ।

# सुन तस्करी प्रकरण : एक चिनियाँ नागरिक पक्राउ

काठमाडौं, ४ साउन/रासस

झन्डै सय किलो सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा बिहीवार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एकजना चिनियाँ नागरिक पक्राउ परेका छन् ।

उनीसँगै अहिलेसम्म सुन तस्करी प्रकरणमा सातजना पक्राउ परिसकेका छन् । आज पक्राउ पर्नेमा चिनियाँ नागरिक जेयुङ लिन रहेका विमानस्थल सुरक्षा कार्यालयका प्रहरी उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिए ।

उनका अनुसार तिब्बतीयन एयरलाइन्सबाट चीन जान लागेका बेला उनलाई पक्राउ गरी राजस्व अनुसन्धान विभागमा पठाइएको छ। विभागले हिजो बुधवार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयअगाडिबाट झन्डै एक क्विन्टल सुन बरामद गरेको थियो ।

भन्सार पास भएर बाहिरिन लाग्दा विभागको टोलीले ट्याक्सीसहित दुईजनालाई पक्राउ गरेको थियो । उनीहरूसँगको अनुसन्धानपछि राति नै विभागले थप चारजनालाई पक्राउ गरेको थियो । उक्त सुन हङकङबाट रेडी ट्रेड प्रालिको नाममा आएको खुलेको छ । त्यसका सञ्चालक पनि पक्राउ परेका छन् ।

स्कूटरको 'ब्रेक शु'को नाममा लुकाएर यसरी सुन बरामद भएको हो। अहिले टक्सार विभागमार्फत सुनको परिमाण निकाल्ने काम जारी रहेको छ।

**यसअघि पक्राउ परेकाहरू**

उक्त सुन तस्करी प्रकरणमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# नेपालमा मौद्रिक नीतिको खाँचो

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**निजी क्षेत्रको आत्मबल, कर्जा माग र रोजगार सिर्जना बढाउनेतर्फ जोड दिनुपर्छ। त्यसैले मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई बिग्रन नदिई आर्थिक गतिविधि चलायमान बनाउन र मुलुकको अर्थतन्त्र पुनः सहज मार्गमा डोऱ्याउनेतर्फ नेपाल राष्ट्र बैंकले इमानदारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ।**

मुलुकको अर्थतन्त्र कहालीलाग्दो छ। बढ्दो वैदेशिक व्यापार घाटा, उच्च बेरोजगारी दर, बजेटको पूँजीगत खर्चको कमजोर अवस्था, बढ्दो साधारण खर्च, बजारमा आयातित उपभोग्य वस्तुको बढ्दो मागले सार्वजनिक ऋणको भार प्रतिदिन बढ्दै जानुले मुलुकको समग्र अर्थतन्त्र शिथिल बन्दै गएको छ। उच्च र विद्यालय शिक्षा हासिल गरेकाहरू अवसरको खोजीमा विदेशीको ढोका चहार्न बाध्य छन्। नवीन सीप, उद्यम अथवा व्यवसाय गरी उद्योगी बन्ने, आर्थिक अवसर सिर्जना गर्ने र स्वदेशमैं लगानी गरी केही गर्छु भन्ने उत्साहित युवाको जमात अत्यन्त कम छ। उद्योग, निर्माण र व्यापार क्षेत्रको वृद्धिदर गत आर्थिक वर्षमा ऋणात्मक देखिएको छ। फलस्वरूप लगानीकर्ता र उपभोक्ता दुवै अन्योलमा देखिएका छन्। लगानीकर्ताले विश्वास गुमाउँदा एकातर्फ लगानीमा समस्या देखिएको छ भने नयाँ लगानी नहुँदा नयाँ रोजगारको अवसर सिर्जना र अर्थतन्त्र चलायमान हुन सकेको छैन। अर्कातर्फ बढ्दो महँगी र अनिश्चितताका कारण उपभोक्ताले विश्वास गुमाउँदा उत्पादित वस्तु तथा सेवाको बजारमा सङ्कुचन आएको छ। यसरी अर्थतन्त्रको समग्र मागमा आएको ह्रास, लगानी सङ्कुचन, मूल्यवृद्धि, न्यून पूँजीगत खर्च, घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरी अर्थतन्त्रलाई लयमा फर्काउनु आजको आवश्यकता छ। यसका लागि सरकारले लगानीमैत्री वातावरण बनाउँदै लगानी अभिवृद्धि, आर्थिक स्थायित्व, रोजगार सिर्जना तथा तीव्र र दिगो आर्थिक विकासमा सहयोग पुग्नेगरी मौद्रिक नीति निर्माण गर्नुपर्ने देखिएको छ।

विशेषगरी आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य प्राप्तिमा निर्णायक भूमिका निर्वाह गर्ने मौद्रिक नीति निर्माणमा नेपाल राष्ट्र बैंक जुटेको छ। नेपाल राष्ट्र बैंकले यसपालि पनि मुद्रास्फीति साढे ६ प्रतिशतभित्र राख्दै ६ प्रतिशतको आर्थिक वृद्धि प्राप्तिको घोषणामा सहयोग पुग्नेगरी मौद्रिक नीति निर्माण गर्न लागिपरेको छ। मैद्रिक नीति भन्नाले अर्थतन्त्रमा कर्जाको प्रवाह, ब्याजदरमा स्थिरता, तरलता व्यवस्थापन, बैंकिङ सुशासन, मूल्यमा स्थिरता र मौद्रिक व्यवस्थापनका लागि लिइने नीति हो। समष्टिगत आर्थिक वृद्धि तथा आर्थिक स्थिरताका लागि मौद्रिक नीति तथा वित्त नीतिबीच अन्तरसमन्वय आवश्यक हुन्छ। हालको अवस्था हेर्दा वित्त नीतिले अनियन्त्रित र अनुत्पादक क्षेत्रमा ऋण परिचालन गरेको कारण मुद्रास्फीतिको समस्या देशले भोगिरहेको देखिन्छ। यद्यपि परिलक्षित दरमा मुद्रास्फीति कायम गर्न सकेको अवस्था छैन। त्यसैले दुवै नीतिले समन्वय नराखी काम गरेमा अर्थतन्त्रमा अस्थिरता आउने हुँदा यसको कार्यान्वयन गर्दा सम्बन्धित निकायले समन्वय बढाउनुपर्छ। मौद्रिक नीतिको मुख्य उद्देश्य आर्थिक वृद्धिका साथै मूल्य र विनिमय दरको स्थायित्व हो भने यसले सहयोग गर्न सक्ने अन्य पक्षहरू पनि छन्। देशमा हुने धेरैजसो आर्थिक गतिविधि मौद्रिक नीतिमा निर्भर रहने हुनाले यो नीतिलाई उद्योगी–व्यवसायीले नै धेरै अर्थपूर्णरूपमा हेरेका छन्।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्ने मुख्य उद्देश्य हासिल गर्न विद्यमान आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा आवश्यक मौद्रिक नीति तर्जुमा गरी सोको कार्यान्वयन गर्दै आएको छ। मुलुकको उत्पादन तथा वितरण प्रणाली धेरै हदसम्म आयातमा आधारित छ। यसले गर्दा आर्थिक गतिविधि, व्यावसायिक वातावरण, मुद्रास्फीति र वित्तीय तथा समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर पर्न नदिन पर्याप्त विदेशी विनिमय सञ्चिति राख्नु अपरिहार्य रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। गत वर्षदेखि समग्र माग व्यवस्थापनका माध्यमबाट विदेशी विनिमय सञ्चिति जोगाउन अवलम्बन गरिएका नीतिको प्रभावस्वरूप बाह्य क्षेत्रमा सुधार आएको देखिन्छ। विशेषगरी कोभिड–१९ का कारण शिथिल बनेको अर्थतन्त्र उत्थानका लागि तत्कालीन वित्त नीति (बजेट) ले धेरै कार्यक्रम ल्याउन नसकेका बेला विभिन्न सुविधासहित राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति ल्याएको थियो। त्यसपछि यस नीतिमा सरोकार पक्षको अपेक्षा ह्वात्तै बढ्यो। यो वर्ष पनि निजी क्षेत्रका तीनवटै छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र चेम्बर अफ कमर्सले संयुक्त रूपमैं खुकुलो मौद्रिक नीति माग गरेका छन्।

अर्थतन्त्रमा ८१ प्रतिशत योगदान गर्ने निजी क्षेत्रको सुझावलाई सम्बोधन नगरी मौद्रिक नीति पूर्ण हुन सक्दैन। निजी क्षेत्रले आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा अनिवार्य नगद अनुपात, बैंक दर र नीतिगत दरलगायत बजारको आवश्यकता अनुसार घटाउनुपर्ने, बचत निक्षेप र मुद्दती निक्षेपबीचको ब्याजदर फरक ५ प्रतिशत हुनुपर्ने व्यवस्था खारेज गर्नुपर्ने, डेब्ट इक्विटी रेसियोमा आगामी एक वर्षसम्मका लागि लचकता अपनाउँदै पुनर्विचार गर्नुपर्ने, बैंक तथा वित्तीय संस्थाले जारी गरेको ऋणपत्र २०८१ असारसम्म स्रोत र पूँजी दुवैमा गणना गर्न पाउनुपर्ने, कर्जाको पुनर्संरचना एवं पुनर्तालिकीकरण सुविधा दिनुपर्ने र कर्जाको ब्याज आदि पर्छ। न्यून प्रिमियम लिने, सेयर धितो कर्जामा लगाइएको रु १२ करोडको सीमा पुनरवलोकन गर्नुपर्ने, कर्जाको जोखिम भार १५० प्रतिशतलाई पुनरवलोकन गरी १०० प्रतिशतमात्र बनाउनुपर्नेजस्ता सुझावहरू दिएका छन्। वास्तवमा मौद्रिक नीति एउटा महत्त्वपूर्ण 'बृहत् आर्थिक नीति' हो। यसमा मानिसको चासो हुनु स्वाभाविक पनि हो। वित्तीय क्षेत्र जति विस्तार हुँदै जान्छ, वित्तीय क्षेत्रसँग मानिसको आबद्धता जति बढ्दै जान्छ, त्यति नै मौद्रिक नीतिप्रति चासो र अपेक्षा पनि बढ्दै जान्छ। सरकारले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न र रोजगार सिर्जना गर्नका लागि कुन क्षेत्रमा कर्जा विस्तार बढाउने हो भनेर विचार गर्नुपर्छ।

आयातमा प्रतिबन्धलगायत विभिन्न कारणले अहिले पनि अर्थतन्त्र मन्दीमा छ। आर्थिक गतिविधि सुस्त छ, नयाँ लगानी भएको छैन, रोजगार घटेकोले उपभोक्ताको खरीद क्षमतामा कमी आएको छ। यस्तो पृष्ठभूमिमा राष्ट्र बैंकले ल्याउने नीतिले मौद्रिक औजार परिचालनमार्फत ब्याजदर कम गर्दै कर्जा माग बढाउने, वित्तीय स्थायित्व कायम गर्ने र उत्पादनमूलक क्षेत्रमा कर्जा पुग्ने वातावरण सिर्जना गर्नुपर्ने चुनौती रहेको छ। आयात घटेको र रेमिट्यान्स बढेका कारण अर्थतन्त्रका बाह्य सूचकहरू (शोधनान्तर, विदेशी मुद्रा सञ्चिति आदि) सबल छन्। विदेशी मुद्रा सञ्चितिमा कमी आएकै कारण नेपालको अर्थतन्त्र पनि श्रीलङ्काको जस्तै बन्छ कि भन्ने डर अब छैन। यस्तो अवस्थामा आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउन नेपाल राष्ट्र बैंकले तुलनात्मकरूपमा खुकुलो मौद्रिक नीति ल्याउनुपर्ने माग निजी क्षेत्रको छ। विगतमा कसिलो मौद्रिक नीतिका कारण निकै तल ओर्लेको सेयर बजार दिगोरूपमा उकालो लाग्न सकेको छैन, घरजग्गा कारोबार सुस्त छ, नयाँ लगानीको माग छैन। यी क्षेत्रमा लगानी विस्तार गरी आर्थिक गतिविधि चलायमान बनाउनेगरी मौद्रिक नीति आउने धेरैको अपेक्षा छ। पछिल्ला महीनामा आयातको वृद्धिदर फराकिलो बन्दै गएको छ। अबको कर्जा विस्तारले गति लिंदा अनुत्पादक र विलासिताका वस्तुको आयात झन् बढेमा अर्थतन्त्र पुनः सङ्कटोन्मुख अवस्थामा जाने सम्भावना पनि त्यतिकै छ। यो जोखिमप्रति सचेत रहँदै शिथिल रहेको अर्थतन्त्रलाई उकास्नुपर्ने चुनौती नेपाल राष्ट्र बैंकलाई छ।

चालू आर्थिक वर्षको शुरूआतसँगै वित्तीय प्रणालीमा करीब सवा ६ खर्ब रुपियाँ तरलता (लगानीयोग्य रकम) थुप्रिएको छ। विगतका वर्षमा कर्जा विस्तारको गति हेर्दा यो रकम सबै बैंक तथा वित्तीय संस्थालाई एक वर्षभरि कर्जा दिन पर्याप्त छ। कुनै अप्रिय अवस्था नआएमा चालू आर्थिक वर्षमा वित्तीय प्रणालीमा तरलता सङ्कट हुने अवस्था देखिएको छैन। यो सबलताको सही उपयोग गराउन नेपाल राष्ट्र बैंकको भूमिका महत्त्वपूर्ण हुन्छ। यस्तो अवस्थामा अर्थतन्त्रको अवस्था, कर्जाको माग, रोजगार सिर्जना, लगानीलगायत पक्ष हेर्दा नेपाल राष्ट्र बैंकले मध्यमार्गी बाटो रोज्नुपर्छ। यसको अर्थ नेपाल राष्ट्र बैंकले मौद्रिक नीति बनाउँदा न धेरै खुकुलो, न त कसिलो नीतिको बाटो अवलम्बन गर्नुपर्दछ। यसले कृषि, ऊर्जा, उद्योग, पर्यटन, पूर्वाधारलगायत क्षेत्रमा न्यून ब्याजदरमा सहजरूपमा कर्जा प्रवाहमा सहयोग प्राप्त हुन्छ भने विलासिताका र उपभोग्य वस्तुको आयातमा जाने कर्जा निरुत्साहित हुन्छ। पछिल्ला केही वर्षयता नेपाल राष्ट्र बैंकले उद्योगलगायत उत्पादनमूलक क्षेत्रमा ल्याएको सस्तो ब्याजदरको कर्जा नीति आफैंमा ठीक छ तर यसको कार्यान्वयन प्रभावकारीरूपमा हुन नसक्दा समग्र अर्थतन्त्रमा समस्या उत्पन्न भएको हो। अब ल्याउने मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले यस्तो कार्यक्रमलाई थप प्रभावकारी बनाउन सक्नुपर्दछ। उत्पादकमूलक क्षेत्रमा कर्जा अभाव नहुने र अनुत्पादक क्षेत्रमा मनपरी कर्जा जान नपाउने नीति अख्तियार गर्नुपर्छ।

यो बेला राष्ट्र बैंकले अर्थतन्त्रको अवस्था मूल्याङ्कन गरेर कस्तो खालको मौद्रिक नीति ल्याउँदा उत्पादनशील क्षेत्रमा पूँजी अभाव हुँदैन र अनुत्पादकशील क्षेत्रमा कर्जा अनियन्त्रित हुन पाउँदैन भन्नेतर्फ गम्भीर हुन सक्नुपर्दछ। निजी क्षेत्रको आत्मबल, कर्जा माग र रोजगार सिर्जना बढाउनेतर्फ जोड दिनुपर्छ। त्यसैले मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई बिग्रन नदिई आर्थिक गतिविधि चलायमान बनाउन र मुलुकको अर्थतन्त्र पुनः सहज मार्गमा डोऱ्याउनेतर्फ नेपाल राष्ट्र बैंकले इमानदारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ।



२५ तले स्काई टावरः राजधानीको कमलपोखरीमा अवस्थित २५ तलाको स्काई टावर, जहाँबाट राजधानीको सुन्दर दृश्य हेर्न सकिन्छ । तस्वीरः रासस

## पूर्वाधार विकास कार्यालयले साढे २३ करोड खर्च गर्न सकेन

प्रस, वीरगंज, ४ साउन/





पूर्वाधार विकास कार्यालय, पर्साले रु एक अर्ब ४२ करोड २४ लाख बजेटमध्ये रु २३ करोड ३१ लाख ८९ हजार ३७० खर्च हुन नसकेको जनाएको छ।

आव २०७९/८० मा पूर्वाधार विकास कार्यालय, पर्सा अन्तर्गत पर्सा, बारा, रौतहटमा सडक निर्माण, सरसफाइ, सार्वजनिक निर्माण कार्यलगायतका लागि रु एक अर्ब ४२ करोड २४ लाख विनियोजन भएकामा रु एक अर्ब १७ करोड ९८ लाख ७२ हजार ६२९ खर्च भएको र बाँकी रकम खर्च हुन नसकेको सो कार्यालयले जनाएको छ। सडक तथा पुल निर्माणमा ७२ करोड ७९ लाख विनियोजित भएकामा ५७ करोड ७२ लाख ९३ हजार ८७९ खर्च भएको, यसैगरी सरसफाइ संरचना निर्माणमा छ करोड ७५ लाख रकम विनियोजन भएकामा ९३ लाख ५३ हजार ४७४ खर्च भएको र अन्य सार्वजनिक निर्माण कार्यका लागि ६२ करोड पाँच लाख रकम विनियोजित भएकामा ५८ करोड ८८ लाख सात हजार ७२० खर्च भएको र पूँजीगत अनुसन्धान तथा परामर्शका लागि ६५ लाख विनियोजि रकममध्ये ६२ लाख सात हजार ९४६ खर्च भएको पूर्वाधार विकास कार्यालय, पर्साले जानकारी गराएको छ।



### फलफूलका बिरुवा बेच्न रौतहटबाट दाङ

रौतहटको कटहरियाबाट आँप, लिची, धुपी सल्ला, अशोक, कागती, कटहर, बेलौती, सुपारी, अनारजस्ता फलफूलका बोटबिरुवा लगेर दाङ पुगेका रामद्रबेस यादव। यादवले ती फलफूलका बोटबिरुवा दाङका ग्रामीण भेगमा लगेर बिक्री गर्ने गर्छन्। प्रतिबोटबिरुवाको रु ३०० का दरले बेच्ने गरेको यादवले बताए। तस्वीरः रासस

## नेप्सेमा झिनो अङ्कको गिरावट

काठमाडौं, ४ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। बिहीवार नेप्से परिसूचक एक दशमलव ३१ अङ्कले घटेर दुई हजार १६३ दशमलव ९२ अङ्कमा सीमित भएको छ।

आजको कारोबारमा विभिन्न २६४ वटा कम्पनीका ८४ लाख २४ हजार १०८ कित्ता शेयर ५४ हजार ९५४ पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब पाँच करोड २४ लाख १० हजार ६५९ को कारोबार भएको छ।

यस दिनको कारोबारमा बैंकिङ, विकास बैंक, जलविद्युत् उत्पादन तथा प्रशोधन र व्यापार समूहको उपसूचक बढेका छन् भने बाँकी समूहको उपसूचक घटेका छन्। बैंकिङ समूह एक दशमलव २५, विकास बैंक १० दशमलव ९६, जलविद्युत् २२ दशमलव ३८, उत्पादन तथा प्रशोधन ८२ दशमलव ०२ र व्यापार समूह १७७ दशमलव ६६ अङ्कले बढेका छन्।

साथै निर्जीवन बीमा समूह १३२ दशमलव ०७ र जीवन बीमा समूहको उपसूचक १२२ दशमलव ०६ अङ्कले घटेका

(बाँकी चौथो पातामा)

# सेवा शुल्करहित रगतले राहत

महोत्तरी, ४ साउन/रासस

नयाँ आर्थिक वर्ष २०८०/०८१ प्रारम्भसँगै बर्दिबास नगरपालिकाले नगरक्षेत्रका अस्पतालमा भर्ना भएका बिरामीले माग भएको रगत सेवा शुल्करहित पाउने भएका छन् । चालू आवको प्रारम्भसँगै नेपाल रेडक्रस सोसाइटी, बर्दिबास उपशाखा, रक्तसञ्चार केन्द्रबाट सेवा शुल्करहित रगत पाउने व्यवस्था गरेपछि उपचारमा रगत चाहिने बिरामीलाई राहत भएको हो ।

लामो समयदेखि आन्द्रा फुटेर मुखबाट रगत जाने समस्याको उपचार गराइरहेकी बर्दिबास–८ हाथीलेटकी ३२ वर्षीया अर्पना लुङ्गेलीले अब रगत माग हुने बिरामीलाई राहत भएको बताइन् । पालिकाले रक्तसञ्चार केन्द्रबाट सेवा शुल्करहित रगत पाउने व्यवस्थाले राहत मिलेको उनको भनाइ थियो । “समस्या नपरेकालाई यो केही होइन तर नियमित उपचार गर्नेहरूलाई यसले ठूलो राहत दिएको छ,” उनले भने ।

बिरामीले रक्तसञ्चार केन्द्रबाट रगत लिंदा दिनुपर्ने सेवा शुल्क नगरपालिकाले बेहोर्ने घोषणा गरेपछि नयाँ आर्थिक वर्ष २०८०/८१ को प्रारम्भसँगै यो व्यवस्था कार्यान्वयन भएको छ । अब पालिकाभित्रका बासिन्दाले जुनसुकै अस्पतालमा उपचार गराउँदा पनि चिकित्सकले माग गरेका रगत सेवा शुल्करहित पाउने भएका छन् ।

“म खुट्टाको हड्डीको शल्यक्रियापछि चिकित्सकको नियमित रेखदेखमा छु, महीनैपिच्छे रगत चाहिन्छ, यसपालिको अस्ति साउने सङ्क्रान्तिका दिन रगत लिएर उपचार लिइसकें,” बर्दिबास–४ वरडाँडाका ५२ वर्षीय कृष्णबहादुर माझीले भने, “अब रगतबापतको सेवा शुल्क बिरामीले दिनुनपर्ने भएपछि उपचारमा धेरै सहज हुनेछ ।”

बर्दिबास–३ गौरीडाँडास्थित नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखाले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रले



तस्वीरः फाइल

रगत माग भएका बिरामीबाट रक्त सङ्कलन, भण्डारण, सुरक्षण, कार्य सामग्री थैला, रगतको ल्याब परीक्षण र रक्त मिलान परीक्षण (क्रस म्याच) गर्दा एक पोका रगतमा रु एक हजार चार सय सेवा शुल्क लिंदै आएको थियो ।

अस्पताल तथा स्वास्थ्य उपचार केन्द्रले रगत माग गरेका पुर्जाका आधारमा सेवा शुल्क नगरपालिकाले बेहोर्ने पत्र प्राप्त भएको रेडक्रस बर्दिबास उपशाखाले जनाएको छ । “चिकित्सकले रगत माग गरेको पुर्जा राखेर बिरामीलाई रगत दिन्छौं, सेवाबापतको शुल्क मासिकरूपमा एकमुस्ट नगर कार्यपालिकाको कार्यालयमा दाबी गरिन्छ,” रेडक्रस उपशाखाका सभापति तथा रक्तसञ्चार केन्द्रका संयोजक रेवन्त कार्कीले भने, “बिरामीलाई दिन थालेको सेवा शुल्करहित रगत सेवाले आर्थिक अवस्था कमजोर भएका बिरामीलाई उपचारमा निकै राहत पुग्नेछ ।”

यसअघि उपशाखाले अति विपन्न र जटिल रोगको उपचार गराइरहेका बिरामीलाई ‘विपन्न रक्त सहायता कोष’मार्फत सेवा शुल्करहित रगत उपलब्ध गराउँदै आएको थियो । उक्त सेवा लिनेमा बर्दिबास र गौशाला नगरक्षेत्रका नौजना बिरामी रहेका कार्कीले जानकारी दिए । उनका अनुसार मिर्गौलाको नियमित डायलसिस गराइरहेका, थाइलेसिमिया, रक्त क्यान्सर, एनिमिया, एनिमिक, गम्भीर प्रकृतिको हाड सर्जरी र आन्द्रा फुटेर दीर्घ उपचार गराइरहेका बिरामीलाई महीनैपिच्छे चाहिने रगत कोषले सेवा शुल्क बेहोरेर बिरामीलाई उपलब्ध गराउँदै आएको थियो ।

केन्द्रका संयोजक कार्कीका अनुसार कोषबाट पाउने सेवा जहाँसुकैका जटिल प्रकृतिका विपन्न बिरामीले पाउने भएपनि नगरले उपलब्ध गराएको सेवा शुल्करहित रगत बर्दिबास नगरक्षेत्रका बिरामीले मात्र पाउनेछन् । बर्दिबास अस्पतालबाट सरदर महीनामा चार सय पोका (थैला, पिन्ट) रगत माग हुँदै आएमा १५० को हाराहारीमा बर्दिबास नगरक्षेत्रका हुने गरेका उनको भनाइ थियो ।

नगरले थालेको उक्त सेवा सानो प्रकृतिको देखिए पनि स्वास्थ्य उपचारसँग सम्बन्धित भएकाले निकै महत्त्वपूर्ण रहेको स्थानीय बताउँछन् । “एक व्यक्तिमा हेरिंदा एक हजार चार सय रकम देखिन्छ, यो रकम धेरथोर नभई स्वास्थ्यसँग जोडेर थालिएको सुविधा हो,” बर्दिबास–१२ का ठाकुरप्रसाद सिंहले भने, “स्वास्थ्य क्षेत्रका सुविधा अझै बढ्दै जाऊन्, अस्पताल पुग्दा हेला हैन, उपचार पाइयोस् ।”

यसैबीच नगरप्रमुख प्रह्लादकुमार क्षत्रीले बर्दिबास अस्पतालको सेवा भरपर्दो र गुणस्तरीय बनाउन, अस्पतालको स्तरोन्नति गर्न, उपचार सेवा विस्तार गर्न र बिरामीलाई सहुलियत बढाउँदै लैजाने योजना अनुरूप काम गरिरहेको बताए । ‘बर्दिबास अस्पताल पुगेपछि उपचार हुन्छ’ भन्ने आमजनतामा विश्वास जगाउनु मुख्य उद्देश्य रहेको उनको भनाइ थियो ।

बर्दिबास नगरपालिकाले ज्येष्ठ नागरिकको स्वास्थ्य जाँचका लागि निरन्तर घुम्ती जाँच सेवा सञ्चालन गर्ने तयारी गरिरहेको नगरप्रमुख क्षत्रीले जानकारी दिए । नगर कार्यपालिकाको स्वास्थ्य शाखाको संयोजनमा बर्दिबास अस्पताल र नगर क्षेत्रका स्वास्थ्य संस्थाका दक्ष जनशक्ति परिचालित गरी बस्तीबस्तीमा घुम्ती सेवा पुर्‍याइने उनले बताए ।

उक्त सेवा ६० वर्ष उमेरमाथिका ज्येष्ठ नागरिकलाई दिइने नगरप्रमुख क्षत्रीले स्पष्ट पारे । नगरपालिकाले बर्दिबास अस्पतालमा प्रसूति सेवा लिने महिलालाई निश्शुल्क एम्बुलेन्स सेवा गत वैशाख १ गतेदेखि दिंदै आएको छ ।

# करेसाबारीबारे “करेसा कन्सर्ट” तयार

गण्डकी, ४ साउन/रासस

पोखरा थिएटरका विद्यार्थीले करेसाबारीबारे जानकारी दिन ‘करेसा कन्सर्ट’ नाटक तयार पारेका छन् । करेसाबारीमा फल्ने फर्सी, प्याज, गोलभेंडा, लसुन, साग, करैला, अदुवा, लौका, धनियाँ, काँक्रो, मुला, खुर्सानी, बेसारलगायतको विशेषताबारे उक्त नाटकका माध्यमबाट बुझाउन खोजिएको छ ।


तस्वीरः रासस

नाटकमा फर्सीबहादुरको रूपमा रमेशबाबू तिमल्सिना, प्याजीमाया बनेर अञ्जु दाहाल, गोलभेंडाको भूमिका रोशनी रामदाम, लसुन बनेर दिपसना विश्वकर्मा, साग बनेर अनुसा परियार र करेली बनेर रञ्जु दाहालले अभिनय गरेका छन् । त्यस्तै अदुवा बनेर समीर पुन, लौका बनेर नम्रता ढकाल, धनियाँ बनेर पूर्णिमा अर्याल, काँकरी बनेर सोनिया कार्की खत्री, मुलाबाबू बनेर रायन गुरुङ, भाले बनेर रोहित पौडेल र चिल्ली बनेर धनकाजी श्रेष्ठले अभिनय गरेका छन् । गन्धर्व नाटक घरको स्टेजमा सुन्दर करेसाबारी निर्माण गरिएको हो ।

केदार श्रेष्ठद्वारा लिखित उक्त नाटक अञ्जु दाहालको निर्देशनमा तयार पारिएको हो । लेखक श्रेष्ठले नाटक बालबालिकालाई लक्षित गरेर तयार गरेको बताए । निर्देशक दाहालले विद्यार्थीलाई करेसाबारीबारे जान्न बुझ्न नाटक महत्त्वपूर्ण हुने बताए ।

‘बुकिङ शो’ मार्फत पोखराका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई देखाइएको उक्त नाटक आमदर्शकलाई लक्षित गरेर ‘पब्लिक शो’मार्फत पोखरा थिएटरको गन्धर्व नाटकघरमा शनिवार दिउँसो १ बजे मञ्चन गरिने भएको छ ।

पोखरा थिएटरका अध्यक्ष परिवर्तनले नाटक मन्टेश्वरीदेखि पाँच कक्षासम्मका विद्यार्थीलाई लक्षित गरिएको भए पनि अभिभावक, शिक्षक र नाटकप्रेमीका लागि समेत उत्तिकै महत्त्वपूर्ण रहेकोले पब्लिक शोको रूपमा मञ्चन गर्न लागिएको जानकारी दिए । करीब एक घण्टा १० मिनेट अवधिको उक्त नाटकमा सङ्गीत संयोजक कमल केसी, मञ्च सजावटको काम अमृत परियार र प्रकाश परिचालनको काम मिलन श्रेष्ठले गरेका छन् ।

## नेप्सेमा ...

छन् । त्यस्तै, वित्त समूह १५ दशमलव ६९, होटल तथा पर्यटन समूह २१ दशमलव ४६, लगानी शून्य दशमलव ३२, लघुवित्त २५ दशमलव २९ र म्युचुअल फन्ड शून्य दशमलव १८ अङ्कले घटेका छन् ।

आजको कारोबारमा विशाल बजार कम्पनी लिमिटेड र लिबर्टी इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सिटिजन्स म्युचुअल फन्ड–२ र कुमारी इक्विटी फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु १४ करोड २३ लाख १७ हजार ८७ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने आज सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको तीन लाख ३० हजार १३५ कित्ता शेयर किनबेच भएको छ ।

# सुन प्रकरण छानबीनका लागि समिति गठन

काठमाडौं, ४ साउन/रासस

भन्सार विभागले विना जाँच करीब एक सय किलो सुन बाहिरिएपछि एक छानबीन समिति गठन गरेको छ । भन्सार विभागको अनुसन्धान शाखाका निर्देशक मानबहादुर पौडेलको संयोजकत्वमा छ सदस्यीय छानबीन समिति गठन गरिएको सूचना अधिकारी पुण्यविक्रम खड्काले जानकारी दिए ।

उक्त समितिलाई छानबीन गरी पाँच दिनभित्र आवश्यक प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ । करीब एक सय किलो सुन भन्सार विभागको कार्यक्षेत्रबाट बाहिरिएपछि विभागका महानिर्देशक शोभाकान्त पौडेलले आज छानबीन समिति गठन गरेका हुन् ।

“विभागका कर्मचारीले आवश्यक चेक जाँच गरे पनि कहिलेकाहीं प्राविधिक त्रुटिका कारण यस्तो अवस्था देखिन सक्ने भएकाले छानबीन समिति गठन गरिएको हो,” सूचना अधिकारी खड्काले भने ।

राजस्व अनुसन्धान विभागले बुधवार सिनामङ्गलबाट करीब एक सय किलो सुन बरामद गरेको थियो । सो प्रकरणमा हालसम्म छजना पक्राउ परिसकेका छन् ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुङ्गानाले मङ्गलवार राति सुन बरामद गरिएको र उक्त सुन भन्सार विभागमार्फत सुरक्षित भण्डारणका लागि नेपाल राष्ट्र बैंक पठाइएको जानकारी दिए । उनले सुन बाहिर ल्याउन प्रयोग गरिएको ट्याक्सी र त्यसका चालकलगायतलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको बताए ।

# तातोपानी नाकाबाट लक्ष्यभन्दा न्यून राजस्व सङ्कलन

सिन्धुपाल्चोक, ४ साउन/रासस

चीनसँगको उत्तरी नाका तातोपानीबाट गत आर्थिक वर्षमा लक्ष्यभन्दा न्यून राजस्व सङ्कलन भएको छ । कुनै बेला रु पाँच अर्ब राजस्व सङ्कलन गरेर मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा पुर्‍याएको तातोपानी भन्सार कार्यालयले २०७२ को भूकम्पपछि कम राजस्व सङ्कलन गर्दै आइरहेको छ ।

उक्त नाकाबाट गत आवमा रु चार अर्ब ६२ करोड राजस्व सङ्कलनको लक्ष्य राखिएको भएपनि रु तीन अर्ब २७ करोड ९४ लाख २० हजार ७२७ मात्र अर्थात् लक्ष्यको ७० दशमलव ८४ प्रतिशत राजस्व सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ ।

विसं २०७२ को भूकम्पपछि बाढीपहिरो, कोरोना, सडकलगायत कारण देखाउँदै नाका राम्रोसँग सञ्चालन हुन सकेको छैन । गत वैशाख १८ गते केही सामग्री निर्यात गरे पनि त्यसपछि निर्यात शून्य तथा आयात पनि घटेको तातोपानी भन्सार कार्यालयका प्रमुख दयानन्द केसीले जानकारी दिए ।

वैशाख १८ गते बाँसका मुढालगायत नेपाली सामग्री बोकेर सात कन्टेनर गाडी चिनियाँ भूमिमा प्रवेश गरेका थिए । आयात गरेका सामग्रीमा विद्युतीय भ्यान, प्रोजेक्टका सामान, स्याउ, नासपाती, ओखरलगायत रहेको भन्सार कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत लक्ष्मण बाँस्तोलाले जानकारी दिए ।


लौका देखाउदै किसान महिलाः कृष्णपुर नगरपालिका–१ का किसान महिला बारीमा उत्पादन भएको लौका देखाउदै । यस क्षेत्रका महिलाहरु व्यावसायिक तरकारी खेतीमा संलग्न भएर गतिलो आम्दानी लिदै आएका छन् । तस्वीरः रासस

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ अर्थतन्त्र ओरालो लागेको सङ्केत

झेङझाउ, ४ साउन/एएफपी

बिग्रँदै गएको आर्थिक असन्तुलनसँगै चीनको अर्थतन्त्र निरन्तर ओरालो लागेको छ । गत मे महीनाका निराशाजनक तथ्याङ्कले यही देखाउँछ । न्यून खुद्रा व्यापार, निर्यातमा ह्रास र सुस्त औद्योगिक उत्पादनले अवरुद्ध भएको आर्थिक पुनरुत्थानलाई सङ्केत गर्दछ ।


तस्वीरः एजेन्सी

मे महीनामा चीनको खुद्रा बिक्री तीन दशमलव एक प्रतिशतले बढ्यो, जुन अघिल्लो महीना १२ दशमलव सात प्रतिशत थियो । औद्योगिक उत्पादनमा झिनो सुधार आएर तीन दशमलव पाँच प्रतिशतबाट चार दशमलव चार प्रतिशत पुगे पनि माग सुस्त रह्यो ।

सन् २०२३ को पहिलो छ महीनामा सरकारी स्वामित्वका उद्यमहरूको लगानी आठ दशमलव एक प्रतिशतले बढे पनि निजी क्षेत्रको स्थिर सम्पत्ति लगानी शून्य दशमलव दुई प्रतिशतले सङ्कुचित भएको छ, जसले निजी क्षेत्रको व्यावसायिक विश्वास गुमेको सङ्केत गरेको छ ।

गत जूनमा चीनको निर्यात पनि बाह्र दशमलव चार प्रतिशतले घटेको छ, जुन तीन वर्षयताकै उच्च गिरावट हो भने आयात छ दशमलव आठ प्रतिशतले घटेको छ । विकसित देशहरूमा उच्च मुद्रास्फीति र भूराजनीतिक अवस्थाका कारण चीनको वैदेशिक व्यापारले वर्षको अन्त्यतिर समस्याको सामना गर्नुपर्ने परिस्थिति उत्पन्न हुन सक्छ । प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई)को प्रवाह पनि वर्षको पहिलो पाँच महीनामा पाँच दशमलव छ प्रतिशतले घटेको छ ।

चीनमा व्यापार गर्नु जोखिमपूर्ण छ भन्ने धारणाले देशमा पूँजीको प्रवाहलाई सङ्कुचित गरेको हो कि भन्ने देखाउँछ । एमएससिआई चाइना इन्डेक्सले चिनियाँ कम्पनीमा विदेशी लगानी छ प्रतिशतले घटेको देखाएको छ । इक्विटी बजारले पनि विश्व बजारको तुलनामा कमजोरी देखिएको छ, जसले आर्थिक वृद्धिलाई कमजोर बनाउन सक्ने देखिन्छ ।

चिनियाँ अर्थतन्त्रले जनसाङ्ख्यिक लाभांश लिन नसकेको देखिन्छ भने सरकारको 'साझा समृद्धि' नीति र उपभोग वृद्धि गर्ने प्रयासलाई कुल गार्हस्थ्य उत्पादनको करीब ३५० प्रतिशतको हाराहारीमा मुलुकको कुल ऋणको उच्च जोखिमका कारण अलपत्र परेको संरचनात्मक आर्थिक सुधार चुनौतीपूर्ण भएको छ ।

यद्यपि राष्ट्रपति सी जिनपिङको नेतृत्वमा रहेको सरकारले सुस्त अर्थतन्त्रको समाधान खोज्न आवश्यक कदम र उपकरण परिचालन गर्ने ठानिएको छ । राज्यको स्वामित्वमा रहेका उद्यमहरूको विकास तथा उत्पादकत्व वृद्धिका निम्ति राष्ट्रपति सीले दिएको जोडले आर्थिक वृद्धिलाई भरथेग गर्ने सम्भावना क्षीण छ ।

यसै महीनाको अन्त्यमा हुने पोलिटब्युरो बैठकमा शीर्ष नेताहरूले ठोस कार्ययोजना ल्याएर आर्थिक वृद्धिलाई गति दिने अपेक्षा गरिएको छ । रासस

## राष्ट्रपति सी र पूर्वअमेरिकी विदेशमन्त्रीबीच भेटवार्ता

बेइजिङ, ४ साउन/एएफपी

चीनका राष्ट्रपति सी जिनपिङ र अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिन्जरबीच दायुताई राजकीय विश्रामगृहमा भेटवार्ता भएको छ ।

सन् ७०को दशकमा चीन र अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापनामा विदेशमन्त्री किसिन्जरले अहम् भूमिका निर्वाह गरेका थिए । त्यस बेला उनी अमेरिकाको राष्ट्रिय सुरक्षा सल्लाहकार थिए ।

सय वर्षीय किसिन्जरको यो १००औं चीन भ्रमण हो ।

राष्ट्रिय सुरक्षा सल्लाहकार किसिन्जरको भ्रमणपछि तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको ऐतिहासिक चीन भ्रमण भएको थियो ।

विश्व मानचित्रमा एक्लिएको चीन अमेरिकासँग सम्बन्ध स्थापना गरेसँगै उत्पादन उद्योगका लागि विश्वकै कारखाना बनेको छ ।

नोबेल शान्ति पुरस्कार प्राप्त वरिष्ठ कूटनीतिज्ञ किसिन्जरले गत मे २७ मा आफ्नो १००औं जन्मदिन मनाएका थिए । जन्मदिन मनाएपछिको यो उनको १००औं चीन भ्रमण हो । रासस

## अमेरिका, जापान र दक्षिण कोरियाको शिखर सम्मेलन अमेरिकामा

सोल, ४ साउन/एएफपी

दक्षिण कोरिया, अमेरिका र जापानी नेताहरूको शिखर सम्मेलन आगामी महीना अमेरिकामा हुने भएको छ ।

उत्तर कोरियाको बढ्दो आणविक चुनौतीको सामना गर्न सैन्य सहयोग बढाउने क्रममा यही अगस्तमा त्रिदेशीय शिखर वार्ता हुने कोरियाली राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

कोरिया, अमेरिका, जापान त्रिपक्षीय शिखर सम्मेलन यही अगस्तमा संयुक्त राज्य अमेरिकामा हुने कार्यक्रम छ, सम्मेलनको मिति र स्थान पछि घोषणा गरिनेछ"– राष्ट्रपति कार्यालयले बिहीवार भनेको छ ।

सोल र वाशिङ्टनले दक्षिण कोरियाको राजधानीमा पहिलो आणविक परामर्शदातृ समूहको बैठक गरेको केही दिनपछि यो घोषणा भएको हो ।

प्योङयाङ र सोलबीचको सम्बन्ध अहिलेसम्मकै सबैभन्दा न्यून बिन्दुमा पुगेको छ भने कूटनीतिक संवाद अवरुद्ध छ । उत्तर कोरियाली नेता किम जोङ उनले आणविकलगायत सामरिक हतियार विकासको लागि आह्वान गरेका छन् ।

छिमेकीको उक्त आह्वानको जवाफमा दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले लामो समयदेखिको आफ्नो सहयोगी वाशिंगटनसँग निकटता बढाएका छन् । उत्तर कोरियालाई नियन्त्रणमा राख्ने प्रयासमा पूर्व औपनिवेशिक शक्ति जापानसँग पुरानो मतभेद बिर्सेर नयाँ सम्बन्ध कायम गर्ने प्रयास गरेका छन् ।

यदि प्योङयाङले आणविक हतियार आफ्ना सहयोगीविरुद्ध प्रयोग गरेमा आणविक हतियारले नै जवाफ दिएर उसको शासन नै अन्त्य गर्ने चेतावनी गत अप्रिलमा सोल र वाशिंगटनले दिएका थिए ।

योनहाप समाचार समितिले अज्ञात स्रोतलाई उद्धृत गर्दै प्रकाशन गरेको समाचारमा उक्त सम्मेलन वाशिंगटन नजीकैको क्याम्प डेभिडमा अगस्त १८ मा हुने जनाइएको छ ।

गत मङ्गलवार आणविक हतियारयुक्त एक अमेरिकी पनडुब्बी बुसानको बन्दरगाहतर्फ गएको थियो । सन् १९८१ पछि पहिलोपटक अमेरिकी पनडुब्बी बुसान बन्दरगाहतिर गएको हो ।

प्योङयाङले गत साता लामो दूरीको अन्तरमहाद्विपीय क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण गरेको बताएको थियो । ठोस इन्धनबाट सञ्चालन हुने लामो दूरीको उक्त क्षेप्यास्त्र अमेरिकासम्म प्रहार गर्ने क्षमता राख्ने बताइएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – ज्ञानोदय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – अतिथिआगमन |
| सिंह – सुयश | कन्या – अलमल |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – राज्यलाभ | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## मुखदेव सुशीला माविका विद्यार्थीलाई छात्रवृत्ति वितरण



तस्वीरः प्रतीक

प्रस, पोखरिया, ४ साउन/

बहुदरमाई नगरपालिकाको रामनगरीस्थित मुखदेव सुशीला माविमा छात्रवृत्ति वितरण गरिएको छ । बालविकासदेखि कक्षा ८ सम्मका ७०९ जना विद्यार्थीलाई छात्रवृत्तिस्वरूप पोशाक वितरण गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुखदेवप्रसादको अध्यक्षतामा भएको कार्यक्रममा प्रअ लक्ष्मीकान्त साह, अभिभावक र शिक्षकहरूको सहभागिता थियो ।

## २९ किलो गाँजासहित दुईजना पक्राउ

प्रस, पंचगावाँ, ४ साउन/

पटेर्वासुगौली गाउँपालिका–३ सोनवर्षास्थित जैनुल होदाको घरनजीकैबाट २९ किलो गाँजासहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जैनुल होदा र मकवानपुर रक्सीराङ गापा–३ का रामजी थिङ रहेको प्रहरीले जनाएको छ ।

यसैगरी, गाँजा मुद्दामा फरार रहेका सोही ठाउँका अखिलेश गिरी र मनोज गिरीलाई पुनः गाउँमा आई गाँजाको कारोबार गरिरहेको स्थानीयले बताएका छन् ।

स्थानीय प्रहरीको संरक्षणमा गिरीद्वयले गाँजाको कारोबार गर्ने गरेको र गाउँमा विकृति फैलिएको स्थानीयवासीले बताएका छन् ।

यस विषयमा पर्साका प्रहरी उपरीक्षक कोमल शाहले गिरीद्वयलाई पक्राउ गर्ने बताएका छन् ।

## सर्लाहीमा ७१ प्रतिशत मिटर ब्याजसम्बन्धी समस्या समाधान

प्रस, वीरगंज, ४ साउन/

जिल्ला प्रशासन कार्यालय, सर्लाहीले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा परेको उजूरी सङ्ख्यामध्ये करीब ७१ प्रतिशतको समस्या समाधान गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेवप्रसाद यादवले बताए ।

जिप्रका, सर्लाहीमा १,९२० वटा अनुचित लेनदेनका उजूरी परेका र त्यसमध्ये ३९१ वटा (२०.६ प्रतिशत)को फछ्र्योट भइसकेको प्रजिअ यादवले बताए ।

यसैगरी, उजूरीमध्ये ९६८ वटा (५०.४१ प्रतिशत)को छलफल गराएर समस्या समाधान गरिएको प्रजिअ यादवले बताए । उनले हालसम्म नौ करोड ४९ लाख ६९ हजार ४३३ कारोबार रकम भएको तर ३१ करोड नौ लाख ३७ हजार मागदाबी गरिएकामा सरोकारवालाहरूलाई छलफल गराएर रु १४ करोड २८ लाख १८ हजार ४९१ मा सहमति गराएको र नौ बिघा नौ कट्ठा सवा दुई धुर जग्गा फिर्ता गराएको बताएका छन् ।

## काठ तस्करी मुद्दाका फरार एकजना पक्राउ

प्रस, पंचगावाँ, ४ साउन/

सखुवाप्रसौनी गाउँपालिका–२ घुसुकपुरबाट काठ तस्करी मुद्दामा फरार रहेका एकजनालाई पक्राउ गरेको छ ।

सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीका जमदार अर्जुन चौधरीले वन फँडानी र सालको काठ चोरी तस्करी मुद्दामा फरार रहेका सोही ठाउँ बस्ने भिखारी माझीलाई बिहीवार बिहान पक्राउ गरी कारबाईको लागि डिभिजन वन कार्यालय, पर्सामा पठाइएको सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीका रेन्जर कपिलदेव यादवले बताए ।

## डेङ्गुबाट चितवनमा दुई हजारजना सङ्क्रमित

चितवन, ४ साउन/रासस

चितवनमा डेङ्गुबाट २,३०६ जना सङ्क्रमित भएका छन् । आर्थिक वर्ष २०७९/८० मा जिल्लामा डेङ्गुबाट चारजनाको मृत्यु भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार गत आवमा जिल्लाका विभिन्न अस्पतालमा १४,७२८ जनाको परीक्षण गरिएकामा ३,३२४ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । चितवनबाहिरका ६९५ जना र ठेगाना नखुलेका ३२३ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए ।

जिल्लामा सबैभन्दा धेरै भरतपुर महानगरपालिकामा डेङ्गुको सङ्क्रमण देखिएको केसीले बताए । भरतपुरमा १,६४६ जना, रत्ननगर नगरपालिकाका २६५ र खैरहनी नगरपालिकामा १८४ जना सङ्क्रमित भएका थिए । यस्तै, राप्ती नगरपालिकामा १०० जना, कालिका नगरपालिकामा ५५, माडी नगरपालिकामा ४० र इच्छाकामना गाउँपालिकामा १६ जनामा डेङ्गुका सङ्क्रमण देखिएका केसीले बताए ।

डेङ्गु एडिस एजेप्टाई र एडिस एल्बौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल सङ्क्रमण हो । यो रोगको सङ्क्रमण देखिएका बिरामीमा टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने वा शरीरमा रगत जमेको दाग देखा पर्ने, बेहोश हुने आदि लक्षण देखा पर्ने चिकित्सकहरू बताउँछन् ।

डेङ्गुबाट बचने मुख्य उपाय लामखुट्टेबाट बच्नु हो । लामखुट्टे पानीमा बस्ने भएकोले घरको वरपर वा पानी जम्ने ठाउँ जस्तैः गमला, फूलदान, खाली बट्टा, अलकत्रा वा मटीतेलका खाली ड्रम, गाडीका काम नलाग्ने टायर आदिमा पानी जम्न नदिनु, बाहिर वा लामखुट्टेले टोक्ने ठाउँमा निस्कँदा शरीर ढाकिने लुगा लगाउनुपर्ने र सुत्दा अनिवार्य झुल प्रयोग गर्नुपर्छ, साथै साना केटाकेटीलाई जुनसुकै समय झुलभित्र सुताउनुपर्ने उनको भनाइ छ ।

### पटेर्वासुगौली ...

वडा नं ३ रामपुरस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय महेन्द्रपुरमा एकजना प्रावि करार शिक्षक सोनामती देवीले अहिले प्रअको काम गर्दै आएकी छन् । उनले कक्षा १ देखि ५ सम्मका २६० जना छात्रछात्रालाई पढाउने गरेकी छन् । बालविकास कक्षाको लागि एकजना बालविकास सहजकर्ता रहेको भएपनि सोनामतीले नै सो जिम्मेवारी वहन गर्दै आएको बताइन् । शिक्षक अभाव रहेको र आफूलाई विषयगत जानकारी नभएकोबारे गापामा जानकारी गराएको तर अहिलेसम्म कुनै सुनवाइ नभएको उनले गुनासो गरिन् ।

सो विद्यालयमा दिवाखाजा र विद्यालयको मेस शौचालयमा रहेको एउटा कोठाबाट सञ्चालन हुने गरेको छ । विद्यार्थीहरू शौच गर्न खुला ठाउँमा जाने गरेका शिक्षिका सोनामतीले बताइन् । त्रैमासिक परीक्षा आउने बेलामा पनि विद्यालयमा पठनपाठन नभएपछि विद्यार्थीका अभिभावकहरूले गुनासा गरेका छन् । वडाको राजनीतिले गर्दा विद्यालयको पठनपाठन प्रभावित भएको बताइन्छ ।

सोही वडामा रहेका नेपाल राष्ट्रिय प्राथमिक विद्यालय पूर्वदेकुली, नेपाल राष्ट्रिय आधारभूत विद्यालय कञ्चनपुर बैरिया, नेपाल राष्ट्रिय आधारभूत विद्यालय महेन्द्रपुर, नेपाल राष्ट्रिय आधारभूत विद्यालय भतौडा, नेपाल राष्ट्रिय आधारभूत विद्यालय बेलवा, मदर्सा, नेराआवि मनिहर्वा, अकवा विद्यालयमा कक्षागत शिक्षकको अभाव छ ।

गापा अध्यक्ष दिनेश चौधरीले विद्यालयको समस्या आफूलाई थाहा भएको र समाधान केही दिनमा गरिने बताए । उनले समस्याग्रस्त विद्यालयहरूको पहिचान गरेर क्रमिकरूपमा समस्या समाधान गर्नेतर्फ गापा कार्यालय अग्रसर रहेको बताए ।

### सुन तस्करी ...

यसअघि पक्राउ परेकाहरूमा ट्याक्सीका चालक अशोक रानामगर, भन्सार एजेन्ट राजेन्द्रकुमार राई, रेडी ट्रेड प्रालिका सञ्चालक दिलीप भुजेल, सहयोगीहरू हर्कराज राई, थुक्पिन छिरिङ र रामकुमार भुजेल रहेका छन् ।

**अनुसन्धान गर्न १० दिनको म्याद थप**

झन्डै सय किलो सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका छजनामाथि अनुसन्धान गर्न उच्च अदालत पाटनले १० दिनको म्याद थप गरेको छ ।

### गत वर्षको...

आवमा दोब्बरीले बढेको थियो । अघिल्लो आवमा ११ लाख २४ हजार ६१५ सङ्कलन भएको थियो भने गत आवमा २२ लाख ३४ हजार ९३० सङ्कलन भएको थियो ।

प्रशासनिक दण्ड जरिवाना पनि अघिल्लो आवको तुलनामा दोब्बरीले बढेको थियो । सो आवमा २४ लाख १३ हजार ६२४ सङ्कलन भएको थियो भने गत आवमा ४४ लाख २४ हजार ५१९ सङ्कलन भएको थियो । बेरुजू शीर्षकमा पनि अघिल्लो आवको तुलनामा एक लाख बढी सङ्कलन भएको थियो । सो आवमा सात लाख २४ हजार सङ्कलन भएको थियो भने गत आवमा आठ लाख ४८ हजार ८३३ सङ्कलन भएको थियो ।

# सामाजिक सुरक्षा भत्ता लिन ज्येष्ठ नागरिकलाई सास्ती

नितेश कर्ण, वीरगंज, ४ साउन/

ज्येष्ठ नागरिक भत्ताको लागि ज्येष्ठ नागरिकहरू प्रचण्ड गर्मीमा सडकमा बस्न बाध्य भएका छन्।







तस्वीरः प्रतीक

बरहथवा नगरपालिकाले १८ वटै वडामा बैंकमार्फत वृद्धभत्ता वितरण गर्दै आएको छ। भत्ता लिन आउने वृद्धवृद्धाहरूले लामो लाइन बस्नुपरेकामा दुःखेसो पोखेका छन्।

बरहथवा नपाले गत माघदेखि असारसम्मको सामाजिक सुरक्षा भत्ता वितरण बैंकमार्फत गरेको छ। बैंकमा भत्ता लिनको लागि वृद्धवृद्धाहरू सडकछेउमा दिनभरि लाम लाग्ने गरेका छन्।

लाममा बसेका कुनै वृद्धले कान नसुन्ने, कुनै हिंड्डुल गर्न नसक्नेलगायतका अवस्थामा रहेकाले उनीहरूले स्थानीय सरकारले घरघरमैं पुगेर भत्ता वितरण गर्नुपर्ने माग गरेका छन्।

बरहथवा नपाबाट १२ हजार ३१५ जनाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका तथ्याङ्कमा उल्लेख छ। बरहथवा नपाले आव २०७६/७७ देखि बैंक प्रणालीमार्फत भत्ता वितरण गरेको नपाका सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका प्रमुख अरविन्दकुमार यादवले बताए। उनले आव २०७९/८० मा छ करोड ७५ लाख सामाजिक सुरक्षा भत्ता वितरण गरिएको बताए। अहिले तेस्रो र चौथो किस्ताबापतको सामाजिक सुरक्षा भत्ता लिन वृद्धवृद्धाहरू नेपाल बैंक, एनआइसी एशिया, प्रभु र कुमारी बैंकमा धाइरहेका बताए।

प्रमुख यादवले बैंकमा आउन नसक्ने ज्येष्ठ नागरिक र 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका लागि घरमैं भत्ता वितरण शुरू भएको बताए।

# नारायणी अस्पतालको बेथितिबारे ध्यानाकर्षण

प्रस, वीरगंज, ४ साउन/

स्वतन्त्र मानव अधिकार समाज, वीरगंजले नारायणी अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साहलाई अस्पतालको बेथितिबारे ध्यानाकर्षण गराएको छ।



तस्वीरः सौजन्य

समाजका अध्यक्ष कृष्णकुमार खनालले अस्पतालभित्र रहेको फार्मेसी, साझा औषधि र अस्पतालबाहिर रहेका निजी औषधिपसलहरूमा एकैथरीका औषधि भिन्दाभिन्दै दररेटमा बिक्री भइरहेका र अस्पतालभित्र रहेको फार्मेसीले समेत बिरामीहरूलाई ठगिरहेको कुरा बाहिरिएको हुँदा सोबारेमा मेसु डा साहलाई ध्यानाकर्षणपत्र बुझाएका थिए।

ध्यानाकर्षणपत्रमा अस्पतालले प्रवाह गर्ने डायलसिस सेवा र ३० करोड लागतमा भित्र्याएको एमआरआई मेशिन सञ्चालनबारे सोधनी गरिएको छ। मेसु डा साहले अस्पतालमा आफू आएदेखि सुधारका कार्यक्रमहरू सञ्चालन गरेको र ध्यानाकर्षण गराइएका कुरालाई पनि गम्भीरतापूर्वक लिएको उनले बताए। उनले हिलियम ग्याँस अभावमा एमआरआई सञ्चालनमा ढिलाइ भएको र पछिल्लो समय हिलियम ग्याँस रिफिलिङ गर्दा प्राविधिक त्रुटिवश ११ प्रतिशत ग्याँस उडेकोले तोकिएको असार १५ गते सञ्चालनमा आउन नसकेको बताए।

उनले अबको एक सातामा एमआरआई मेशिन सञ्चालनमा आउने जानकारी गराएका थिए।






# खेलकूदको संसार

## महिला विश्वकपः न्युजिल्यान्डको विजयी सुरुआत

एजेन्सी, ४ साउन/

फिफा महिला विश्वकप–२०२३ मा सहआयोजक न्युजिल्यान्डले विजयी सुरुआत गरेको छ। न्युजिल्यान्डले विश्वकप इतिहासमा पहिलो जीत निकाल्ने क्रममा नर्वेलाई १–० ले पराजित गरेको हो।

अक्ल्यान्डको इडेन पार्कमा भएको उद्घाटन खेलमा न्युजिल्यान्डकी हना विल्किन्सनले ज्याकी ह्यान्ड्सको क्रसलाई आकर्षक गोलमा परिणत गरिन्। खेलको ४८औं मिनेटमा गरेको उक्त गोलले नै निर्णायक बन्यो।



नर्वेकी मिडफिल्डर फ्रिडा मानुम फूटबल नियन्त्रण गर्दै। तस्वीरः एएफपी

८९औं मिनेटमा घरेलु टोलीले अग्रताको मौका चुकायो। नर्वेकी टुभा हनसेनले ह्यान्ड गरेपछि पाएको पेनाल्टीलाई इभेन रियाले गोल गर्न चुके पनि न्युजिल्यान्डको खुशीको क्षण कम गर्न सकेन।

अघिल्ला १५ विश्वकपमा कुनै पनि खेल जित्न नसकेको न्युजिल्यान्डलाई समर्थन गर्न उसका हजारौं समर्थक मैदान पुगेका थिए। ४८औं मिनेटको अग्रतासँगै दर्शक खुशीमा झुमेका थिए। सन् १९९५ को विश्व च्याम्पियन नर्वेले न्युजिल्यान्डको गोललगत्तै बराबरीको मौका गुमाएको थियो। आर्सनलकी फ्रिडा मनुमले उत्कृष्ट अवसर खेर फालेकी थिइन्।

खेलअघि बिहीवार बिहान अकल्यान्डमा भएको गोलीकाण्डमा ज्यान गुमाएकाहरूको सम्झनामा एक मिनेट मौनधारण गरिएको थियो।

**दोस्रो खेलमा अस्ट्रेलियाले आयरल्यान्डलाई हरायो**

यसैगरी, दोस्रो खेलमा आयोजक अस्ट्रेलियाले आयरल्यान्डलाई १–० गोलअन्तरले हराएको छ। पहिलो हाफ गोलरहित बराबरीमा सकिएको उक्त खेलको दोस्रो हाफमा अस्ट्रेलियाले निर्णायक गोल गरेको थियो।

निर्धारित समयको ५२औं मिनेटमा अस्ट्रेलियाकी स्टेफानी क्याट्लीले पेनाल्टीमार्फत गोल गरिन्।

महिला विश्वकपको नवौं संस्करण न्युजिल्यान्ड र अस्ट्रेलियाले संयुक्तरूपमा आयोजना गरिरहेको छ। अगस्त २० सम्म सञ्चालन हुने यो प्रतियोगिता कुनै पनि दुई राष्ट्रले संयुक्तरूपमा आयोजना गरेको यो पहिलोपटक हो।

महिला विश्वकपको नवौं संस्करणमा पहिलोपटक ३२ टोलीले प्रतिस्पर्धा गर्दैछन्। अघिल्लो महिला विश्वकपमा २४ वटा राष्ट्रले भाग लिएका थिए। प्रतियोगिताको समूह 'ए'मा न्युजिल्यान्ड, नर्वे, स्विट्जरल्यान्ड र फिलिपिन्स रहेका छन्। समूह 'बी'मा अस्ट्रेलिया, आयरल्यान्ड, नाइजेरिया र क्यानडा रहेका छन्।

यसैगरी, समूह 'सी'मा स्पेन, कोस्टारिका, जाम्बिया र जापान परेका छन्। समूह 'डी'मा इङ्ल्यान्ड, हाइटी, डेनमार्क र चीन छन्। समूह 'ई'मा अमेरिका, भियतनाम, नेदरल्यान्ड्स र पोर्चुगल छन्। समूह 'एफ'मा फ्रान्स, जमैका, ब्रजील र पानामा छन्। समूह 'जी'मा स्वीडेन, दक्षिण अफ्रिका, इटाली र अर्जेन्टिना छन्। समूह 'एच'मा जर्मनी, मोरक्को, कोलम्बिया र दक्षिण कोरिया रहेका छन्।

समूहगत चरणपछि नकआउट चरणको खेल हुनेछ। पहिलो चरणको खेलपछि प्रत्येक समूहबाट दुई/दुई टोली प्रिक्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। प्रिक्वार्टरफाइनलबाट आठ टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्। त्यसपछि क्रमशः सेमिफाइनल र फाइनल खेल हुनेछन्।

## फिफा वरीयतामा नेपाल पहिलेकै स्थानमा

काठमाडौं, ४ साउन/रासस

विश्व फूटबलको सर्वोच्च निकाय इन्टरनेशनल फेडेरेशन अफ फूटबल एशोसिएशन (फिफा)ले बिहीवार सार्वजनिक गरेको नयाँ विश्व वरीयतामा नेपाल पहिलेकै स्थानमा यथावत् छ। फिफाले सार्वजनिक गरेको नयाँ वरीयता अनुसार नेपाल १७५औं स्थानमा छ। नयाँ वरीयता अनुसार दक्षिण एशियाली राष्ट्रमा भने नेपाल तेस्रो स्थानमा छ। नेपालभन्दा अघि रहेको भारत ९९औं स्थानमा छ भने माल्दिभ्स १५५औं स्थानमा छ। नेपालपछि भुटान १८५औं, बङ्गलादेश १८९औं, पाकिस्तान २०१औं र श्रीलङ्का २०४औं स्थानमा छ।

विश्व वरीयताको शीर्ष स्थानमा अर्जेन्टिना छ भने दोस्रो स्थानमा फ्रान्स छ। यसैगरी, ब्रजील तेस्रो स्थानमा रहँदा इङ्ल्यान्ड चौथो तथा बेल्जियम पाँचौं स्थानमा छन्।

यसैगरी, क्रोएसिया छैटौं, नेदरल्यान्ड्स सातौं, इटाली आठौं, पोर्चुगल नवौं तथा स्पेन दशौं स्थानमा छन्।

### सिम्रौनगढका...

वडा कार्यालय सञ्चालन गर्ने जनाएको थियो। नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा बसेको बैठकमा ११ वटै वडाका अध्यक्षहरूको सहभागिता थियो।

बैठकले प्रत्येक वडामा अध्यक्षको सिफारिशको आधारमा तीनजना कर्मचारीका दरले भर्ना गर्ने साथै वडा नं ८ मा थप एकजना कर्मचारी तथा वडा सचिवको व्यवस्था नगरपालिकाले गर्ने निर्णय गरेको थियो। त्यस्तै, कर्मचारीको तलबभत्ताको सम्बन्धमा नगरपालिका अन्तर्गत करार कर्मचारीहरूले पाउने तलबभत्ता यकीन गरी नगरसभाबाट पारित गराउने निर्णय गरिएको थियो।

वडा कार्यालय बन्द भएपनि सिम्रौनगढ अस्पताल बन्द छ। तीन दिनदेखि बन्द रहेको सिम्रौनगढ नगर अस्पताल सञ्चालनका सम्बन्धमा पनि छलफल भएको थियो। अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिमार्फत आय–व्यय प्रस्तुतसहितको प्रतिवेदन साउन १० गतेको बैठकमा प्रस्तुत गर्ने निर्णय भएको थियो।

बैठकमा उपप्रमुख नजमु शेहर, निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजेन्द्रकुमार चौधरी, वडाध्यक्षहरू दिनदयाल, अरविन्द कुमार, अवधेश सहनी, शिवमङ्गल प्रसाद, नन्दकिशोरप्रसाद जयसवाल, विवेक मेहता, सुरेन्द्रप्रसाद लगायतको सहभागिता थियो।


**भर्ना खुल्यो! भर्ना खुल्यो भर्ना!! खुल्यो!!!**

तीन वर्षे डिप्लोमा HA र रेडियोग्राफी कोर्षमा CTEVT बाट मान्यताप्राप्त डिभाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ, वीरगंजमा भर्ना खुल्यो।

**हाम्रा विशेषताहरूः**

१) दक्ष एवं अनुभवी प्रशिक्षकद्वारा अध्यापन गराइने,
२) Practical लाई विशेष प्राथमिकता दिइने,
३) स्वच्छ तथा मनोरम शैक्षिक वातावरणमा अध्यापन हुने,
४) Digital Media द्वारा पठनपाठन गराइने,
५) सुविधासम्पन्न LAB को व्यवस्था भएको।

**स्वीकृत सिट सङ्ख्याः**

**1) Health Assistant - 40** **2) Radiography - 30**

फाराम वितरण मितिः २०८०/४/२ गतेदेखि
फाराम भर्ने अन्तिम मितिः २०८०/४/१२ गते ५ बजेसम्म
प्रवेश परीक्षा मितिः २०८०/४/२४ गते बिहान ८ बजे

सम्पर्कः **डिभाइन इन्स्टिच्युट अफ हेल्थ ट्रेनिङ**
वीरगंज–१५, शिरोमणिनगर, फोनः ०५१–४१७६२८, ९८५५०३५८५९, ९८२८३००७६३



**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगलेः**

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड